आ.व. २०८२।८३
बैठक नं.-२१
मिति २०८३।०२।३१

**मिति २०८३।०२।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष [illegible] विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | म.ले.प. प्रतिवेदन पेश सम्बन्धमा । | राप्ती गाउँपालिकाको आ.व. २०८१।८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन छलफल गर्ने । | |
| ३ | अन्तराष्ट्रिय गुणस्तर प्रमाणिकरण स्थानीय तह सम्बन्धमा । | अन्तराष्ट्रिय गुणस्तर प्रमाणिकरणको पकृउ अगाडी बढाउने | |
| ४ | कित्तागत भुउपयोग वर्गिकरणमा छुटेको कित्ताको वर्गिकरण सम्बन्धमा । | छुट कित्ताको राजस्व लिने आधार तय गर्ने । | |
| ५ | अन्तर स्थानीय तह साझेदारी कार्यक्रम सम्बन्धमा | रुरु गाउँपालिका गुल्मीलाई 3 Wheelers सवारी साधन उपलब्ध गराउन स्रोत सुनिश्चित गर्ने । | |
| ६ | कार्यालय सहयोगी पदको भर्ना प्रकृया सम्बन्धमा | हाललाई कार्यालय सहयोगी भर्ना पकृया स्थगित गर्ने | |
| ७ | विजुली पानी सिफारिस सम्बन्धमा । | सिफारिस सम्बन्धमा यस अघीको कार्यपालिकाको निर्णय स्थगित गर्ने । | |
| ८ | कार्यालय स्थानान्तरण सम्बन्धमा । | राप्ती गाउँपालिकाको कार्यालय भवनमा रहेको जग्गा एकिकरण आयोजना स्थानान्तरणका लागि पत्राचार गर्ने । | |
| ९ | क्रिकेट खेल सम्बन्धमा । | खेलकुद शिर्षकमा रहेको रु १४५००० हजार क्रिकेट खेल सामाग्री खरिद गरी वितरण गर्ने | |
| १० | ECONC कार्यक्रमको लागि जनशक्ती तथा स्वास्थ्य उपकरण सम्बन्धमा । | सुनिश्चितता तथा प्रतिवद्धता पठाउने । | |
| ११ | सडक अतिक्रमण सम्बन्धमा । | सडक अतिक्रमण हटाउन सहजिकरण गर्ने | |
| १२ | ७ नं. वडामा ह्युम पाईप खरिद सम्बन्धमा | ह्युम पाईपको खरिदको लागि बजेट विनियोजन गर्न् | |
| १३ | बालमैत्री वडा घोषणा सम्बन्धमा । | घोषणा कार्यक्रमका लागि वडा तोक्ने | |
| १४ | बाल संरक्षण संस्था नेपालको जानकारी तथा अनुमती प्रदान गर्ने सम्बन्धमा । | तथ्याङ्क अद्यावधिकका लागि अनुमति प्रदान गर्ने । | |
| १५ | राप्ती आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन नियमावली,२०८१ दोस्रो संशोधन २०८३ सम्बन्धमा । | राप्ती आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन नियमावली,२०८१ दोस्रो संशोधन २०८३ स्विकृत गर्ने । | |
| १६ | राप्ती आधारभूत अस्पताल उपचार सेवामा छुट प्रदान गर्ने कार्यविधि,२०८३ सम्बन्धमा । | कार्यविधि स्विकृत गर्ने । | |
| १७ | स्थानीय पाठ्यपुस्तक सम्बन्धमा । | आवश्यकताको आधारमा निजी आपूर्तिकर्ताहरुबाट सोझै खरिद गर्न अनुमति प्रदान गर्ने । | |
| १८ | विविध | | |

आ.व. २०८२।८३
बैठक नं.-२१
मिति २०८३।०२।३१

**मिति २०८३।०२।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – राप्ती गाउँपालिकाको आ.व. २०८१।८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरियो।

**निर्णय नं. ३**- राप्ती गाउँपालिकालाई अन्तराष्ट्रिय गुणस्तर प्रमाणिकरणका लागि पक्रया अगाडि बढाउने।

**निर्णय नं.४** - राप्ती गाउँपालिका भूउपयोग क्षेत्र वर्गिकरणमा कित्तागत भुउपयोग वर्गिकरणमा छुटेको कित्ताको हकमा मात्र देहाय बमोजिम क्षेत्र कायम गरी कार्यान्वयन गर्ने ।

- सडक संजाल सग जोडिएको कित्तालाई आवासिय क्षेत्र
- सडक संजालभन्दा बाहिर रहेको कित्तालाई कृषि क्षेत्र
- कृषि सडक संग जोडिएको घर नभएको कित्ताको हकमा कृषि क्षेत्र

**निर्णय नं. ५**-अन्तर स्थानीय तह साझेदारी कार्यक्रम अन्तरगत रुरु गाउँपालिका गुल्मीलाई 3 Wheelers सवारी साधन उपलब्ध गराउन आ व २०८३।८४ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी स्रोत सुनिश्चित गर्ने।

**निर्णय नं.६**- मिति २०८३।०२।०७ गते प्रकाशित वि.नं. ९/०८२-८३ को सूचना बमोजिम प्रकाशित कार्यालय सहयोगीको पदको परीक्षा हालका लागि स्थगित गर्ने।

**निर्णय नं.७** – घर निर्माण भई अभिलेखीकरण प्रक्रियामा आउन नसकेका र प्राविधिक वा व्यावहारिक कारणले तत्काल नक्सा पास हुने अवस्था नरहेका विपन्न नागरिकका घर तथा पुराना घरधुरीहरूको हकमा मानवीय व्यवहार तथा संवेदनशीलतालाई मध्यनजर गरी वडा समितिको विशेष सिफारिस र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा विद्युत र खानेपानी जडानको सिफारिस दिने।

**निर्णय नं.८**- राप्ती गाउँपालिकाको कार्यालय भवनमा रहेको प्रदेश राजधानी जग्गा एकिकरण आयोजनाको कार्यालय यथासिघ्र स्थानान्तरण गर्ने व्यवस्थाका लागि प्रदेश सरकार संग र वडा नं. ७ को कार्यालय भवनमा रहेको राष्ट्रिय अनुसन्धान विभागको कार्यालयलाई स्थानान्तरणका लागि सम्बन्धित निकायसंग अनुरोध गर्ने।

**निर्णय नं.९**- खेलकुद सहभागिता खेलकुद क्षेत्र संग सहकार्य र खेलकुद विविध शिर्षकमा रहेको रु १४५०००/- बाट क्रिकेट खेल सामाग्री खरिद गरी वडा कार्यालय मार्फत क्रिकेट खेलाडीहरुलाई वितरण गर्ने।

**निर्णय नं.१०** -राप्ती गाँउकार्यपालिकाको कार्यालय देउखुरी,दाङले गाउपालिकाको वडा नं.५ कालापानीमा स्थापना गरी हाल संचालनमा रहेको १५ सैयाको राप्ती आधारभूत अस्पताल देउखुरी दाङमा शल्यक्रिया सहितको प्रसुति सेवा(CEONC) संचालनको लागी स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखामा स्विकृतिको लागि माग गरिएको सन्दर्भमा उल्लेखित

आ.व. २०८२।८३
बैठक नं.-२१
मिति २०८३।०२।३१

कार्यक्रम संचालनको लागि आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को दफा १२ बमोजिमको आवश्यक पर्ने जनशक्ति,स्वास्थ्य उपकरण लगायतका आवश्यक व्यवस्थापन पालिकावाटै हुने सुनिश्चतता तथा प्रतिबद्दताको जानकारी विभागमा यथासिघ्र पठाईदिनु भनि प.सं.२०८२।०८३ चं.न.८६३ मिति २०८२।१२।२२ गते स्वास्थ्य सेवा विभागवाट पत्राचार भएको हुदा राप्ती आधारभुत अस्पतालमा (CEONC) कार्यक्रम संचालनको लागी आश्यक पर्ने जनशक्ती पालिकाले यस अगाडी नै सुनिश्चित गरिसकेको साथै OT तयारको लागी पालिकावाट उल्लेखित शिर्षकमा आ.ब.२०८२।०८३ मा बजेट विनियोजन नभएको हुदा तत्काल अपरेशन थियटर(OT)तयार गर्नको लागी बायोमेडिकल ईन्जिनियरवाट लागत अनुमान तयार गरि सो अनुसार अस्पताल कोषवाट खर्च हुने गरि आवश्यक व्यवस्थापनको लागी राप्ती आधारभूत अस्पताल कालापानी दाङलाई अनुमती प्रदान गर्ने साथै CEONC संचालनको लागि विभागमा सुनिश्चितता तथा प्रतिबद्दता सम्बन्धमा कार्यालय स्तरको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं.११-** सडक डिभिजन कार्यालयको च.नं. ९३४ मिति २०८३।०२।०४ को पत्रानुसार भालुवाङ- गनाहा सडक खण्डको अतिक्रमित संरचना हटाउन सहजिकरण गर्ने ।

**निर्णय नं.१२** – राप्ती गा पा ७ नं.वडा कार्यालयको च.नं. १४४२ मिति २०८३।०२।१९ को सिफारिस पत्रानुसार राप्ती गापाको आव २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत संभार शिर्षकबाट भुक्तानी दिने गरी ४५ सेमिका ५ वटा ह्युम पाईप खरिद गर्ने ।

**निर्णय नं.१३-** आर्थिक वर्ष २०८३।८४ भित्र बालमैत्री वडा घोषणा कार्यक्रमका लागि राप्ती गाउँपालिका वडा नं. १ लाई छनौट गरी सूचक अनुसारका कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं.१४-** बाल संरक्षण संस्था नेपाललाई राप्ती गाउँपालिका भित्रको मुक्त कमलहरीको हालको अवस्था सम्बन्धमा तथ्याङ्क संकलन र अद्यावधिक गर्ने कार्यका लागि अनुमति दिने ।

**निर्णय नं.१५-** राप्ती आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन नियमावली,२०८१ दोस्रो संशोधन २०८३ स्विकृत गर्ने ।

**निर्णय .१६-** राप्ती आधारभूत अस्पताल उपचार सेवामा छुट प्रदान गर्ने कार्यविधि,२०८३ स्विकृत गर्ने ।

**निर्णय नं.१७-** राप्ती गाउँपालिकामा संचालित सबै संस्थागत विद्यालयहरुमा यस गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम अनुसार तयार भएको हाम्रो राप्ती पाठ्यपुस्तक हालसम्म यस कार्यालयबाट उपलब्ध गराउदै आएकोमा गाउँपालिकाको स्वीकृत दररेटमा नबढ्ने गरी विद्यालय आफैले आफ्नो आवश्यकताको आधारमा निजी आपूर्तिकर्ताहरुबाट सोझै खरिद गर्न अनुमति प्रदान गर्ने ।

आ.व. २०८२।८३
बैठक नं.-२१
मिति २०८३।०२।३१

निर्णय नं. १८ (विविध निर्णयहरु)

- पालिका परिसर सरसफाई तथा आन्तरिक सौन्दर्यकरण शिर्षकबाट सो कार्यलाई अपुग हुने रकम रु ३ लाख निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने ।
- ढापखोला खानेपानी आयोजना वडा नं. ९ मोटर खरिद शिर्षकमा बजेट विनियोजन भएकोमा मोटर मर्मत गरी सञ्चालनमा आएको र उक्त शिर्षकबाट वचत रकमबाट आयोजनाका लागि अति आवश्यक सोलार मोटर कन्ट्रोलर बक्स खरिद गरिएकोले सोही शिर्षकबाट भुक्तानी दिने ।
- राप्ती गापाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत छोट्की सिसहनिया बुढान घर नेर कल्भर्ट निर्माण शिर्षकबाट योजना कार्यान्वयनमा अपुग रकम रु २,००,०००/- सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने ।
- राप्ती गापाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत बाउरी सिचाईका लागि विद्युतिय मोटर जडानका लागि अपुग रकम रु २०,०००/-(अक्षरुपी रु बिस हजार) सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने ।
- राप्ती गापा आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत सिसहनियामा सवारी साधन पार्किङ स्थल निर्माण शिर्षकबाट सिसहनिया प्रहरी चौकी परिसरभित्र पार्किङ निर्माण योजना कार्यन्वयन गर्ने ।
- राप्ती गाउँपालिकाको स्थानीय विपद् प्रतिकार्य योजना २०८२ स्विकृत गर्ने ।
- राप्ती गाउँपालिकाको स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना २०८२ स्विकृत गर्ने ।
- नेपाल मगर संघ, राप्ती गाउँपालिका कार्यसमितिद्धारा आयोजित भूमे पर्व कार्यक्रमका लागि राप्ती गापाको आ.व. २०८२।८३ वार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु ३०,०००/- (अक्षरुपी रु तिस हजार) विल भर्पाईका आधारमा भुक्तानी दिने ।
- राप्ती गाउँपालिका १ नं.वडा कार्यालयको च.नं.२०८७ मिति २०८३।०२।२० सिफारिस बमोजम राप्ती नदिमा डुबेर मृत्य भएका प्रकाश कुमालको परिवारलाई अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट रु १०,०००/- (अक्षरुपी रु दश हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।
- राप्ती गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. १९७९ मिति २०८३।०२।२२ को सिफारिस बमोजिम अति विपन्न श्री देवी गोराथोकीलाई अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट रु ७,०००/- (अक्षरुपी रु सात हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।
- राप्ती गाउँपालिका ४ नं. वडा कार्यालयको सिफारिस बमोजिमसोही वडा स्थायी निवासी ढक बहादुर थापा क्षेत्रीको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकोले घरमा टिनको छाना छाउनका लागि अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट रु ३०,०००/-(अक्षरुपी रु तिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।

आ.व. २०८२।८३
बैठक नं.-२१
मिति २०८३।०२।३१

- राप्ती गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. २००९ मिति २०८३।०२।२७ को सिफारिस बमोजिम राप्ती गा.पा.वडा नं. ४ निवासी अति विपन्न श्री दनि गिरीलाई अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट रु ७,०००/- (अक्षरुपी रु सात हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।
- राप्ती गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. २०२४ मिति २०८३।०२।२९ को सिफारिस पत्रानुसार सोही वडा स्थायी निवासी ईन्द्राकुमारी चौधरीको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकोले घर निर्माणका लागि अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट रु २५०००/- (अक्षरुपी रु पच्चिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।
- राप्ती गाउँपालिका वडा नं.२ स्थायी निवासी अति विपन्न तथा अपाङ्गता भएका भएका श्री देव वहादुर परियारले स्थानीय स्तरमा कपाल काटी गुजारा गर्दै आएकोले नीजको आयआर्जन तथा स्वरोजगारीलाई व्यवस्थित बनाउन राप्ती गाउँपालिकाको अन्य सामाजिक खर्च शिर्षकबाट ढ्वाव्ली निर्माण गरी कपाल काट्ने सीपमा प्रयोग हुने औजार/उपकरण सहित उपलब्ध गराउने ।
- राप्ती गाउँकार्यपालिकाको कार्यालय सुरक्षार्थ बैकल्पिक व्यवस्था नहुदा सम्मको लागि मिति २०८२।११।०१ गते देखि नियमित हलुका सवारी चालकका अतिरिक्त रात्रीकालिन पालो पहरामा खटिएका ओम वहादुर कार्कीलाई मासिक रु ४५००/-अतिरिक्त सुविधा उपलब्ध गराउने ।
- राप्ती गाउँपालिकाको सामाजिक विकास समितिको सदस्य सचिवको रुपमा स्वास्थ्य शाखा प्रमुख श्री नारायण राउतलाई जिम्मेवारी तोक्ने ।
- कार्यलयको सुरक्षा व्यवस्थापनका लागि ५ जना (राप्ती गाउँकार्यपालिकाको कार्यालयको लागि ३ जना र राप्ती आधारभुत अस्पतालको लागि २ जना) सुरक्षाकर्मी सेक्युरिटी कम्पनीसंग सम्झौता गरी सेवा करारमा लिने ।
- राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत मगर भाषा कक्षा संचालनको लागि नेपाल मगर संघ राप्ती गाउँपालिका, कार्यसमितिलाई द्धिपक्षिय सम्झौता गरी कार्यदिश दिने ।